अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्या: २ | मितिः २०८१/०२/३२

भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

## कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/२८
राजपत्रमा प्रकाशित मितिः २०८१/०२/३२

**प्रस्तावना:** कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा व्यवस्था गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी चिशंखुगढी गाउँपालिकाको कार्यपालिकाको मिति २०८१/०२/२८ गते बसेको बैठकले स्वीकृत गरि यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन पश्चात् लागू हुनेछ र यसको क्षेत्र चिशंखुगढी गाउँपालिका भित्र हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न कोशी प्रदेश सभाबाट जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी, स्थानीय तह अन्य सेवामा कार्यरत कर्मचारी, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका चिशंखुगढी गाउँपालिका भित्रका विभिन्न शाखा र निकायमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले चिशंखुगढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(छ) "प्रदेश लोक सेवा आयोग" भन्नाले नेपालको संविधानको धारा २४४ बमोजिम गठित कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ज) "परामर्श" भन्नाले प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपालले उपलब्ध गराइएको परामर्श सम्झनु पर्छ।

(झ) "तह वृद्धि" भन्नाले ऐन तथा यस कार्यविधि बमोजिम हुने कर्मचारीको तह वृद्धि सम्झनु पर्छ।

(ञ) "प्रदेश किताबखाना" भन्नाले कोशी प्रदेशको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिशंखुगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

**३. सूचना प्रकाशन गर्नेः**

(१) प्रत्येक वर्ष मंसिर र जेठ महिनामा तह वृद्धि हुने कर्मचारीको लागि ३० दिने सूचना अनुसूची-१ बमोजिम प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी र वेबसाइटमा प्रकाशन गरिनेछ।

४. **निवेदन दिनु पर्ने:** कार्यविधिको दफा (६) र (७) बमोजिम तह वृद्धि हुन योग्यता पुरा गरेका स्थायी कर्मचारीले दफा (३)मा तोकिएको समयावधि भित्र गाउँ कार्यपालिकाको कार्यालयमा देहायका कागजात सहित अनुसूची-२ बमोजिम निवेदन पेश गर्नु पर्नेछ।

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्‌ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

(च) कार्यविधिको दफा (५) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरू।

५. **सिफारिस समिति:**

(१) ऐन बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहाय बमोजिम गाउँ कार्यपालिकाले तोकेको सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत ----------------------------------------अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी -----सदस्य

(२) सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुबिधा उत्पन्न भएमा ऐनको दफा (३८) बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

६. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:**

(१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आँठौं तह र नवैं तहबाट दशौं तहमा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा ५ (पाँच) वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो ३ (तीन) वर्षको कार्य सम्पादन मूल्याङ्कन औषत ९० (नब्बे) प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा समूह वा उप-समूहमा तह वृद्धि गरिनेछ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।

७. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्था:**

(१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ।

(२) एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको सहायक चौथो र पाचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह वृद्धि हुनेछ । निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

**८. जेष्ठता गणना सम्बन्धी विशेष व्यवस्थाः**

(१) ऐन बमोजिम तह वृद्धि प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छैठौं तहमा नियुक्ति भई ऐन बमोजिम सातौं तहमा तह मिलान भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ ।

(४) यस कार्यविधिको दफा (६) र (७) बमोजिम तह वृद्धि हुने कर्मचारीको प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

**९. तह वृद्धि गर्नु पर्नेः** कानून बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरूका तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार तह वृद्धिको पत्र दिनु पर्नेछ ।

**१०. सार्वजनिक गर्नेः** तह वृद्धि भएका कर्मचारीहरूका विवरण गाउँपालिकाले आफ्नो सूचना पाटी र वेबसाइटमा अनिवार्य राखी सार्वजनिक गरिनेछ ।

**११. सचिवालयः** तह वृद्धि सम्बन्धी कार्य गर्न गाउँपालिकाको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ ।

**१२. तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ (तीन) वर्षको अवधिभर,

(ङ) असाधारण बिदामा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**१३. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम गरेको बढुवा र तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१४. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको परामर्शमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१५. उजुरी/गुनासोः** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालय र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. खारेजी र बचाउः** गाउँपालिकाको स्थानीय राजपत्रमा मिति २०८० ।०३ ।२२ मा प्रकाशित “कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०” खारेज भएको र उक्त कार्यविधि बमोजिम भए गरेका काम-कारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची १
## दफा ३ को उपदफा ३ सँग सम्बन्धित

मितिः.........................

### तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा २७ अनुसार तथा कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ३ बमोजिम तह वृद्धि हुने कर्मचारीहरुले सात दिन भित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नु पर्ने कागजातहरू:

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) सङ्घीय लोक सेवा आयोगवाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र,

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) नियमानुसारका अन्य कागजातहरू ।

## अनुसूची २
## दफा ४ सँग सम्बन्धित
### तह वृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मितिः............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा।

**विषयः तह वृद्धिको निवेदन पेश गरेको।**

तहाँ कार्यालयको मिति २० / / प्रकाशित तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

१. तह वृद्धि हुने कर्मचारीको नामः
२. स्थायी ठेगाना
३. पदः
४. शुरु नियुक्ति मितिः
५. हालको पदमा बढुवा नियुक्ति मितिः
६. शैक्षिक योग्यताः

पेश गरिएका कागजातहरुः
क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,
ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र
(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
(घ) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)
(ङ) नेपाली नागरिकताको प्रमाण पत्र
(च) तालिमको प्रमाण पत्र

## अनुसूची ३
## तह वृद्धि नियुक्तिको ढाँचा

मिति:......................

श्री .......................... (कर्मचारी संकेत नं...........)
चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा।

विषय: तह वृद्धि नियुक्ति।

यस कार्यालयको मिति २०   /   /   को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा २७ बमोजिम तपाईंलाई देहाय अनुसार तह वृद्धि गरिएको छ।
तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिइएको छ।

हाल कार्यरत पदको विवरण
१. सेवा:
२. समूह/उपसमूह:
३. पद:
४. तह:

तह वृद्धि भएको पदको विवरण
१. सेवा:
२. समूह/उपसमूह:
३. पद:
४. तह:

बोधार्थ:
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर।
श्री प्रदेश किताबखाना, विराटनगर।

आज्ञाले
सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत